सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४९
फ्याक्स : ९७७-१-४२११८७
E-mail :info@mole.gov.np
Website :moless.gov.np

# नेपाल सरकार
# श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## (प्रधानमन्त्री रोजगार कार्यक्रम)

च.नं. १२६

मिति : २०७५।१।९

**विषय : सहभागिता सम्बन्धमा ।**

**श्री सबै स्थानीय तह (ध्यानाकर्षण : श्रीमान् नगर प्रमुख/अध्यक्षज्यू)**
**(मार्फत : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) ।**

प्रस्तुत विषयमा नेपाल सरकारद्वारा संघ, प्रदेश र स्थानीय तीनै तहबाट कार्यान्वयनमा ल्याईएको प्रधानमन्त्री रोजगार कार्यक्रमको सञ्चालनमा पारस्परिक सहयोग, सहकार्य र समन्वय कायम गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ९१ बमोजिम यस मन्त्रालय, प्रदेशको सामाजिक विकास मन्त्रालय र सम्बन्धित स्थानीय तहका बीच प्रदेशगत रुपमा देहायको मिति, समय र स्थानमा त्रिपक्षीय समझदारी (Memorandum of Understanding) गर्ने कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रममा तहाँ गाउँपालिका/नगरपालिकाबाट श्रीमान् अध्यक्षज्यू/प्रमुखज्यूको उपस्थितिका लागि यस मन्त्रालयको मिति २०७६।१।९ को निर्णयानुसार अनुरोध छ ।

**<u>कार्यक्रम हुने मिति, समय र स्थान</u>**

| स्थानीय तहहरु | मिति | स्थान | समय |
|---|---|---|---|
| प्रदेश नं १ भित्र पर्ने स्थानीय तहहरुका लागि | २०७६।१।२० | विराटनगर | बिहान १०:३० बजेदेखि बेलुका ५:०० बजेसम्म |
| प्रदेश नं २ भित्र पर्ने स्थानीय तहहरुका लागि | २०७६।१।२१ | जनकपुर | |
| प्रदेश नं ३ भित्र पर्ने स्थानीय तहहरुका लागि | २०७६।१।२२ | काठमाडौं | |
| गण्डकी प्रदेश भित्र पर्ने स्थानीय तहहरुका लागि | २०७६।१।२० | पोखरा | |
| प्रदेश नं ५ भित्र पर्ने स्थानीय तहहरुका लागि | २०७६।१।२३ | बुटवल | |
| कर्णाली प्रदेश भित्र पर्ने स्थानीय तहहरुका लागि | २०७६।१।२४ | सुर्खेत | |
| सुदूरपश्चिम प्रदेश भित्र पर्ने स्थानीय तहहरुका लागि | २०७६।१।२५ | धनगढी | |

पुनश्च :

- *तालीम सञ्चालन हुने स्थानको सम्बन्धमा विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइटमा (<u>www.pmep.gov.np</u>) यथाशीघ्र राखिनेछ ।*
- *स्थानीय तहका प्रमुखको लागि आवास तथा खाना, खाजाको व्यवस्था र निजसँग आउने चालकको लागि खाना, खाजाको व्यवस्था यस कार्यक्रमबाट हुनेछ । सो बाहेकका अन्य खर्चको व्यवस्थापन सम्बन्धित स्थानीय तहबाटै गर्नुपर्नेछ ।*

(मोहन निरौला)
उपसचिव

" नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"